आज मिति २०८२ साल कार्तिक महिनाको २६ गते बुधवारका दिन शिवपुरी गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को चौथो बैठक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री गोविन्द प्रसाद थपलियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | गोविन्द प्रसाद थपलिया | अध्यक्ष | |
| २ | विर बहादुर तामाङ | उपाध्यक्ष | |
| ३ | सुकुराम तामाङ | वडा अध्यक्ष | |
| ४ | कुमार तामाङ | वडा अध्यक्ष | |
| ५ | नाती तामाङ | वडा अध्यक्ष | |
| ६ | चन्द्र बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | रेशम बहादुर मोत्तान | वडा अध्यक्ष | |
| ८ | बिष्णु श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | वीर बहादुर तामाङ | वडा अध्यक्ष | |
| १० | केशव प्रसाद रिजाल | वडा अध्यक्ष | |
| ११ | सञ्जीमाया तामाङ | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानुमाया तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सावित्री रिजाल | कार्यपालिका सदस्य | |
| १४ | भगवती बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | जानुका खाती सुनार | कार्यपालिका सदस्य | |
| १६ | रिता नेपाली | कार्यपालिका सदस्य | |
| १७ | वद्रिनाथ लम्साल | सदस्य सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| | | | |

CamScanner

## छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. कार्यालयमा मितव्ययिता अपनाउने सम्बन्धमा ।

३. गाउँ सभाको विशेष अधिवेशनको समापन सम्बन्धमा ।

४. विविध ।

CamScanner

बैठक नं.०४ बैठक मिति २०८२/०७/२६

## छलफल तथा निर्णयहरु

---

**निर्णय नं. १ समिक्षा सम्बन्धमाः**-कार्यपालिकाको चालु आ.व. २०८२/०८३ को मिति २०८२/०६/३० गतेको तेस्रो बैठकले गरेका निर्णय र त्यस पछि कार्यालयबाट भए गरेका विविध निर्णयहरु कार्यान्वयन भएको साथै कार्यालयबाट नियमित रुपमा सम्पादन गर्नु पर्ने विभिन्न कार्य नियमित रुपमा सुचारु भएको । साथै चालु आ.व. २०८२/०८३ को आन्तरिक राजस्व संकलन लगायतका विषयका सम्बन्धमा छलफल एवं समिक्षा गरियो ।

**निर्णय नं.२ कार्यालयमा मितव्ययिता अपनाउने सम्बन्धमाः** अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११३, मिति २०८२/०६/०८ को पत्रका सन्दर्भमा वृहत्त छलफल भयो । सो सम्बन्धमा कार्यालयले गर्ने विभिन्न सञ्चालन खर्चमा अत्याधिक मितव्ययिता कायम गर्ने । फजुल खर्च कम गर्ने साथै हाल कार्यालयमा कार्यरत रहेका दरवन्दि वाहेकका करार सेवाका कर्मचारी कुनै पनि नरहेको साथै र विभिन्न योजना, परियोजना तथा कार्यक्रमका लागि योजना, परियोजना तथा कार्यक्रमबाट साझेदारीमा सेवा सुविधा लिने गरि कार्यरत रहेको कर्मचारीको सेवा २०८२ साल पौष मसान्त सम्म रहेकोले सो समयावधि लाई निरन्तरता दिँदै नियमित कार्यमा लगाउने र सो को दायित्व कार्यपालिकाले लिने निर्णय गरियो ।

**निर्णय नं. ३ गाउँ सभाको विशेष अधिवेशनको समापन सम्बन्धमाः-** गाउँपालिका महासंघको समन्वय, सहयोग र आर्थिक व्यवस्थापनमा मिति २०८२ साल कार्तिक १२ गतेका दिन थालनी भएको गाउँसभाको विशेष अधिवेशन यहि मिति २०८२ साल कार्तिक २८ गतेका दिन समापन गरिने भएकोले उक्त दिन सभाका सबै सदस्य समयमै उपस्थित हुने साथै कर्मचारी, विषयगत समितिका संयोजक एवं सदस्यहरुले आ-आफ्नो विषय क्षेत्रको प्रतिवेदन साथै ऐन, नियम समेत तयार गरि अधिवेशनलाई भव्य र सभ्यताका साथ समापन गर्न आ-आफ्नो भूमिका निर्वाह गर्ने निर्णय गरियो।

CamScanner

निर्णय नं.४ विविधः २०८२ साल कार्तिक १२ गते देखि अविरल परेको वर्षाको कारण गाउँपालिका क्षेत्र भित्रका कृषकको धान वालिमा भएको क्षेतिको विवरण संकलन गर्न कृषि विकाश शाका मार्फत वडा कार्यालयमा कार्यरत सबै कृषि प्राविधिकहरुलाई आजका मितिले १५ दिन भित्र वडागत, व्यक्तिगत क्षतिको विवरण संकलन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न लगाउने साथै आजको बैठक सौहार्दपूर्ण वातावरणमा यहि समापन गरियो

CamScanner